नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं. ०९-०७५/७६
Ref No.

मिति : २०७५ चैत ८ गते

# एक वर्षे इन्टर्नसिप सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था एक वर्षे इन्टर्नसिप कार्यविधि २०७१ लाई परिषद्को निर्देशानुसार निम्न बमोजिम संशोधन भएको व्यहोरा सम्पूर्ण सरोकारवालामा जानकारी गराइन्छ ।

१. कार्यविधिको नाम :
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था एक वर्षे चार्टर्ड इन्टर्नसिप कार्यविधि २०७१ रहने छ ।

२. इन्टर्नसीप लिनु पर्ने :
संस्थाको चार्टर्ड एकाउन्टेन्ट सदस्यता प्राप्त गर्न चाहने विदेशी लेखा व्यवसायी संस्थावाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परिक्षा उत्तीर्ण गरि तालिम र विदेशी लेखा व्यवसायी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्तिले संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न चाहेमा विद्यमान व्यवस्था सहित चार्टर्ड एकाउन्टेन्सी फर्ममा संस्थाको पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्टको मातहतमा रही कम्तीमा एक वर्षको लागि इन्टर्नसीप लिनु पर्नेछ ।

३. सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने :
इन्टर्नसीप लिनु पर्ने व्यक्तिले सम्झौताको प्रतिलिपी सम्झौता भएको मितिले एक महिना भित्र संस्थामा पेश गर्नु पर्नेछ ।

४. इन्टर्न राख्न पाइने सिमा :
चार्टर्ड इन्टर्नलाई प्रशिक्षण दिन पाउने लेखाव्यवसायमा संलग्न भई देहायको अवधि पूरा गरेका पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्टले एक पटकमा देहायको संख्या सम्म चार्टर्ड इन्टर्न प्रशिक्षण सेवामा राख्न सक्नेछ :

| | |
|---|---|
| (क) तीन वर्षको अवधि पूरा भएकोमा | - एक जनासम्म |
| (ख) पाँच वर्षको अवधि पूरा भएकोमा | - दुई जनासम्म |
| (ग) सात वर्षको अवधि पूरा भएकोमा | - तीन जनासम्म |
| (घ) दश वर्षको अवधि पूरा भएकोमा | - चार जनासम्म |
| (ङ) पन्ध्र वर्षको वा सो भन्दा बढी अवधि पूरा भएकोमा | - पाँच जनासम्म |

शिक्षा विभाग

Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, E-mail : icandhg@ican.org.np